**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date:13.01.2026**

---

***अरुणाचल प्रदेशका राज्यपालले सिक्किमका राज्यपालसँग भेट गरे***

अरुणाचल प्रदेशका राज्यपाल, लेफ्टिनेन्ट जनरल कैवल्य त्रिविक्रम परनायक (सेवानिवृत्त) ले आज बिहान लोक भवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो। श्री माथुरले आफ्ना समकक्षीलाई न्यानो स्वागत गर्नुभयो र बिहानको खाजाको आयोजना गर्नुभयो। यस भेटमा दुवै राज्यपालहरूले आपसी हितका मुद्दाहरू, साथै आ-आफ्नै राज्यमा विभिन्न मोर्चाहरूमा विकासहरुबारे छलफल गर्नुभयो । उहाँहरुले भएका अरुणाचल प्रदेश र सिक्किमको अद्वितीय परम्परा र जीवन्त रीतिरिवाजहरूबारे विचार साझा गर्दै, क्षेत्रीय एकतालाई सुदृढ़ पार्न सांस्कृतिक आदानप्रदानको महत्त्वमाथि जोड़ दिनुभयो।

तीन दिने सफल सिक्किम भ्रमण पछि, श्री परनायक आज बाळ अरुणाचल प्रदेशतर्फ प्रस्थान गर्नुभयो।

---

***सिक्किमका मुख्यमन्त्रीले NHIDCL सँग सम्बन्धित परियोजनाहरूको समीक्षा बैठकको अध्यक्षता गर्नुभयो***

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज गान्तोकस्थित आफ्नो सरकारी निवासमा राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL) द्वारा सिक्किमभरि कार्यान्वयन भइरहेका परियोजनाहरूसँग सम्बन्धित मुद्दाहरूको मूल्याङ्कन गर्न समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकले राज्यका विभिन्न भागहरूमा हाल तयार भइरहेका परियोजनाहरू, चलिरहेका कामहरू र विस्तृत परियोजना प्रतिवेदनहरू (DPR) को समग्र स्थितिको समीक्षा गर्यो। विशेष गरी पाकिम जिल्लामा केन्द्रित, जिल्ला-विशिष्ट सरोकारहरूबारे विस्तृत रूपमा छलफल गरियो जहाँ निर्बाध ट्राफिक आवागमन वा थप जग्गा अधिग्रहण पछि कामहरू कार्यान्वयन गर्ने विकल्पहरूको जाँच गरियो। गेजिङ्ग जिल्लामा NHIDCL परियोजनाहरूसँग सम्बन्धित मुद्दाहरूको पनि समीक्षा गरियो। यातायात

---

***नीति आयोगका उपाध्यक्ष सुमन के. बेरी सिक्किम आइपुगे***

नीति आयोगका उपाध्यक्ष सुमन के. बेरी 13 जनवरी देखि 16 जनवरी, 2026 सम्म सिक्किमको औपचारिक भ्रमणमा आज सिक्किम आइपुगेका छन्। श्री बेरीसँगै नीति आयोगका सदस्य प्रो. रमेश चन्द पनि छन्। जो "Frontier State Development Workshop: Focus on North East" विषयक कार्यशालामा भाग लिन उनीहरु राज्य भ्रमणमा छन्।

प्रतिनिधिमण्डलले सीमान्त र पूर्वोत्तर राज्यहरूको लागि विकास योजना र नीतिगत पहलहरू सम्बन्धी आधिकारिक बैठकहरू एवम् कार्यक्रमहरूमा भाग लिने छ।

---

***गणतन्त्र दिवसमा नयाँ दिल्लीको राष्ट्रपति भवनमा दादुप लेप्चालाई निमन्त्रणा***

उत्तरी सिक्किमको रिंगिमका प्रगतिशील किसान दादुप लेप्चालाई यस गणतन्त्र दिवसमा भारतका राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको राष्ट्रपति भवनमा गरिने स्वागतमा प्रख्यात कृषिविद्को रूपमा आमन्त्रित गर्नुभएको छ । विभिन्न सुधारिएका प्रविधिहरू अपनाएर जैविक खेती गर्ने र बीउ मार्फत ठूला अलैंचीको बिरुवा उत्पादन गर्ने उनको आविष्कारप्रतिको असाधारण समर्पणका लागि दादुपलाई छनोट गरिएको हो।

राष्ट्रपति भवनमा घरेलु स्वागतमा आमन्त्रित हुन पाउँदा दादुप लेप्चाले भाग्यमानी र उत्साहित महसुस गरेका छन् ।

---

***सिक्किम सरकारको आयुष विभागले आयुष स्वास्थ्य शिविर आयोजना गर्दैछ***

सिक्किम सरकारको आयुष विभागले 71 औं माघे संक्रान्ति मेला-2026 मनाउन आयुष स्वास्थ्य शिविर आयोजना गर्दैछ। स्वास्थ्य शिविर 14 देखि 22 जनवरीसम्म सिक्किमको आयोजना हुनेछ। जोरथाङ-नयाबजारमा

यए आयुष स्वास्थ्य शिविरका मुख्य आकर्षणहरू हुन् आयुष औषधिहरूको निःशुल्क वितरण, स्वास्थ्य जागरूकताको लागि निःशुल्क जानकारी, शिक्षा र सञ्चार सामग्री, ब्लड शुगर र हेमोग्लोबिन परीक्षण सहित निःशुल्क स्वास्थ्य परीक्षण, साथै यस शिविरमा सबै प्रकारका रोगहरूकौ लागि निःशुल्क परामर्श समेत प्रदान गरिनेछ।

---